नवौं गाउँ सभामा बैठकमा २०७८ असार १० गते बुधबार
उपाध्यक्ष कारग्याल्मु श्रेष्ठबाट
प्रस्तुत भई स्वीकृत भएको

# आर्थिक वर्ष २०७८/०७९ को
# बजेट

गोसाईकुण्ड गाउँपालिका
स्याफ्रुबेंसी, रसुवा
२०७८

सभाध्यक्ष महोदय,
गाउँ सभाका सदस्यहरु,

सङ्घीय लोकतान्त्रिक गणतन्त्रात्मक राष्ट्र नेपालले संघ, प्रदेश र स्थानीय तह गरी तीन तहमा सङ्घीयताको अभ्यास गर्दै आएको सन्दर्भमा गोसाईकुण्ड गाउँपालिकाको उपाध्यक्षको रुपमा विषम, जटिल र चुनौतीपूर्ण परिस्थितिवीच यस गरिमामय गाउँ सभाको वैठकमा आगामी आर्थिक वर्ष २०७८/०७९ को बजेट प्रस्तुत गर्न उपस्थित भएको छु । यो महत्वपूर्ण अवसरमा मुलुकमा सङ्घीय लोकतान्त्रिक गणतन्त्र र अग्रगामी परिवर्तन ल्याउने क्रममा जीवन उत्सर्ग गर्नु हुने सम्पूर्ण महान् शहीदहरु तथा राष्ट्रप्रति समर्पित दिवङ्गत व्यक्तित्वहरुमा भावपूर्ण श्रद्धाञ्जली अर्पण गर्न चाहान्छु । मुलुकको सार्वभौमिकता, भौगोलिक अखण्डता, राष्ट्रिय एकता, स्वाधीनता र स्वाभिमानको रक्षा गर्दै समावेशी, समतामूलक, न्यायपूर्ण समाज निर्माण, विकास र समृद्धि, लोकतान्त्रिक गणतन्त्रको प्राप्ति र विभिन्न अग्रगामी आन्दोलनहरुमा संलग्न र नेतृत्व गर्नु हुने प्रतिवद्ध महान् नेपाली नागरिक र राजनीतिक नेतृत्वप्रति उच्च सम्मान प्रकट गर्न चाहान्छु ।

विश्वव्यापी महामारीको रुपमा फैलिएको कोरोनाको कारण विश्वले एकैपटक मानवीय, सामाजिक, आर्थिक, राजनैतिक लगायतका संकट व्यहोर्नु परिरहेको छ । स्वास्थ्य संकटबाट उत्पादन, व्यापार र लगानीसम्मको श्रृङ्खला प्रभावित भई विश्व अर्थतन्त्रमा ठूलो संकुचन आउने स्पष्ट र सघन संकेत देखिएको छ । विश्व अर्थतन्त्रसँगको अन्तरआवद्धता र पारस्परिकताको कारण गोसाईकुण्ड गाउँपालिकाको प्रमुख क्षेत्रहरुमा समेत गम्भिर प्रभाव पर्न थालिसकेको छ ।

यो बजेट प्रस्तुत गरिरहँदा कोरोनाबाट नागरिकको जीवन रक्षा गर्ने र अर्थतन्त्रलाई गतिशिल बनाउने गहन जिम्मेवारी बोध गरेको छु । कोरोनाले सम्पूर्ण क्षेत्रमा असर पारेर हाम्रो सपना, योजना र प्रयासमा जटिलताहरु थपिदिएको छ । यो शताव्दीकै यस विषम परिस्थितिमा सदैव विषम परिस्थितिमा सहयोग गर्ने सवै राजनीतिक दल, जनप्रतिनिधि, संघ संस्था, आम नागरिकको सहयोग, प्रतिवद्धता, दृढता र ऐक्यवद्धताले वर्तमान विद्यमान चुनौतीको सामना गर्दै अझ राम्रो व्यवस्था निर्माण गर्न सकिन्छ भन्नेमा गोसाईकुण्ड गाउँपालिकाको दृढ विश्वास छ ।

आगामी आर्थिक वर्षको बजेट नयाँ परिस्थितिले सिर्जना गरेको चुनौतीलाई सामना गर्ने र प्राप्त अवसरलाई उपयोग गर्ने तर्फ केन्द्रित रहनु पर्छ भन्नेमा गोसाईकुण्ड गाउँपालिका सचेत छ । यस अवस्थामा गोसाईकुण्ड गाउँपालिकाको जनताको जीवन रक्षा गर्ने, भविष्यप्रति आशावान बनाउने, अर्थतन्त्रको अवयवहरुलाई पुनरुत्थान गर्दै तीव्र विकास र निर्माणको दिशामा लैजाने गरी बजेट तर्जुमा गरिएको छ ।

त्यस्तै राज्य पुनर्संरचनाको महत्वपूर्ण पक्षको रुपमा रहेको वित्तीय सङ्घीयता कार्यान्वयन गर्न स्थानीय तहलाई श्रोत, साधन, उत्तरदायित्व र जवाफदेहिता हस्तान्तरण गरिएको सन्दर्भमा सङ्घीयताको मूल मर्मलाई हासिल गर्न थप चुनौतीको साथै थप अवसर समेत प्राप्त भएको छ । सङ्घीयता कार्यान्वन गर्दै स्थानीय तहको ज्ञान, सीप, क्षमता र दक्षतालाई उपयोग गरी **समृद्ध नेपाल सुखी नेपाली**को राष्ट्रिय आकांक्षा पुरा गर्दै दिगो विकास प्राप्त गर्ने लक्ष्यतर्फ यो गाउँपालिका अग्रसर छ । सामाजिक न्याय र तीव्र विकास, सुशासन सहितको जनउत्तरदायी गाउँपालिका, सभ्य, सुसंस्कृत एवं कर्तव्यनिष्ठ समाज निर्माण गर्दै पूर्ण लोकतन्त्र तथा समाजवाद उन्मुख समृद्ध अर्थतन्त्र निर्माण गर्न यो गाउँपालिका सदैव प्रतिवद्ध छ ।

सभाध्यक्ष महोदय,
**"जल विद्युत पर्यटन रसुवागढी नाका पूर्वाधार र शिक्षा, सुसंस्कृत र समृद्ध गोसाईकुण्ड लाङटाङ हाम्रो सदिक्षा"** भन्ने गोसाईकुण्ड गाउँपालिकाको दिर्घकालिन सोचलाई पुरा गर्न यो वजेट अघिल्लो बजेट जस्तै केन्द्रित रहेको छ ।

सभाध्यक्ष महोदय,
आगामी आर्थिक वर्ष २०७८/७९ को बजेटका प्रमुख उद्देश्यहरु देहाय बमोजिम उल्लेख गरेको छुः

१. कोरोना लगायत सवै प्रकारका स्वास्थ्य जोखिमबाट गोसाईकुण्ड गाउँपालिकाको गाउँवासीलाई सुरक्षित राख्न र गुणस्तरीय स्वास्थ्य सेवा सर्वसुलभ बनाउन स्वास्थ्य सेवाको दायरा विस्तार, स्वास्थ्य पूर्वाधार निर्माण तथा स्तरोन्नती र स्वस्थ जनशक्ति विकास गर्ने,
२. कोरोना भाइरस संक्रमणको रोकथाम तथा नियन्त्रणका लागि चालिएका कदमबाट टुटेको उत्पादन र आपूर्ति श्रृङ्खलालाई पुनर्स्थापना गर्दै कृषि, उद्योग, पर्यटन, निर्माण लगायत प्रभावित व्यवसायको पुनरुत्थान गर्ने,
३. गोसाईकुण्ड, लाङटाङ हिमाल, नागथली, दुधकुण्ड, ऐतिहासिक रसुवागढी जस्ता पर्यटकीय क्षेत्रको प्रवर्द्धन मार्फत पर्यटकीय पदमार्गको विकास गरेर गाउँपालिकालाई पर्यटकको गन्तव्य क्षेत्रको रुपमा विकास गर्ने,
४. भौगोलिक रुपमा गोसाईकुण्ड गाउँपालिकाको गाउँवस्तीहरु विकट भएकोले गोसाईकुण्ड गाउँपालिकाको सडक यातायात गुरुयोजना बमोजिम सवै वडाहरुका जनताहरुको सडकमा सहज पहुँच वृद्धि गर्ने,
५. स्थानीय कला, संस्कृति, धर्म र परम्पराको संरक्षण मार्फत स्थानीय जनताको ऐतिहासिक पहिचानका आधारहरुको संरक्षण गर्ने ।

सभाध्यक्ष महोदय,
आगामी आ.व. २०७८/७९ को बजेटका प्राथमिकताहरु निम्न अनुसार उल्लेख गरेको छुः

१. सडक सञ्जालको अभिवृद्धि मार्फत सडक यातायातमा जनताको पहुँच सुनिश्चित गर्ने,
२. गुम्बा तथा विहारको निर्माण र मर्मत सम्भार मार्फत स्थानीय जनताको धर्म र संस्कृतिको जगेर्ना गर्ने,
३. शिक्षा, स्वास्थ्य, कृषि, खानेपानी तथा सरसफाई जस्ता सामाजिक क्षेत्रमा लगानी अभिवृद्धि गरी यी क्षेत्रहरुको विकास गर्ने,
४. सुशासन र संस्थागत विकास गर्ने ।

सभाध्यक्ष महोदय,
अव म क्षेत्रगत बजेट विनियोजनको वारेमा उल्लेख गर्न चाहान्छुः

## १. सामाजिक विकास

सामाजिक विकास तर्फ चालुमा रु. **५० लाख** र पूँजीगतमा **१५ लाख** गरी निसर्त तर्फ **रुपैयाँ ६५ लाख**, चालुमा **रु. ५ करोड ८४ लाख** र पुँजीगतमा **रु. १ करोड गरी** संघको शसर्त अनुदान तर्फ रुपैयाँ **६ करोड ८४ लाख** गरी **शिक्षामा जम्मा रु. ७ करोड ४९ लाख** विनियोजन गरिएको छ । चालुमा ७१ लाख ५५ हजार, पूँजीगतमा **रुपैयाँ २ लाख** गरी निसर्त अनुदान तर्फ रु. **७३ लाख ५५ हजार**, चालुमा रुपैयाँ ३ करोड ४ लाख, पूँजीमा रुपैयाँ २ लाख गरी संघको शसर्त अनुदान चालुमा रु. ३ करोड ६ लाख र चालुमा रु. ३ लाख ५० हजार गरी प्रदेश शसर्त अनुदान तर्फ रु. ३ लाख ५० हजार गरी **स्वास्थ्यमा जम्मा रु. ३ करोड ८३ लाख ५ हजार** विनियोजन गरिएको छ । चालुमा ८ लाख, पूँजीगतमा १ करोड २८ लाख ५० हजार गरी निशर्तमा रु १ करोड ३६ लाख ५० हजार, पूँजीगतमा २० लाख गरी प्रदेश शसर्त तर्फ **खानेपानी तथा सरसफाई**मा जम्मा **रु. १ करोड ५६ लाख ५० लाख** विनियोजन गरिएको छ । चालुमा रुपैयाँ १८ लाख ५० हजार र पूँजीगतमा रुपैयाँ २ करोड ९ लाख ५० हजार गरी निशर्त बाट रुपैयाँ २ करोड २८ लाख, प्रदेश शसर्तबाट पूँजीगतमा रुपैयाँ ३२ लाख गरी **भाषा तथा संस्कृतिमा** जम्मा रुपैयाँ २ करोड ६० लाख विनियोजन गरिएको छ । चालुमा रुपैयाँ ५० लाख, पूँजीगतमा रुपैयाँ ७ लाख ५० हजार गरी निशर्त तर्फ जम्मा रुपैयाँ ५७ लाख ५० हजार, चालुमा १ लाख गरी संघ शसर्तमा जम्मा रुपैयाँ १ लाख, चालुमा ७ लाख ४४ हजार र पूँजीगतमा रुपैयाँ २० लाख गरी प्रदेश शसर्तमा २७ लाख ४४ हजार गरी रुपैयाँ ८५

लाख ९४ हजार **लैंगिक समानता तथा सामाजिक समाबेशीकरण**मा विनियोजन गरिएको छ। चालुमा रुपैयाँ १३ लाख ५८ हजार र पूँजीगतमा रुपैयाँ ३३ लाख गरी निशर्तबाट रुपैयाँ ४६ लाख ६८ हजार, संघ शसर्तबाट चालुमा रुपैयाँ ११ लाख गरी **युवा तथा खेलकुदमा** जम्मा **रुपैयाँ ५७ लाख ६८ हजार** विनियोजन गरिएको छ। चालुमा रुपैयाँ ३० लाख ५० हजार र पूँजीगतमा रुपैयाँ १० लाख गरी निशर्तबाट रुपैयाँ ४० लाख ५० हजार, चालुमा रुपैयाँ ६३ लाख र पूँजीगतमा रुपैयाँ २ लाख गरी संघ शसर्तबाट रुपैयाँ ६५ लाख गरी **सामाजिक सुरक्षा तथा संरक्षण**मा **रुपैयाँ १ करोड ५ लाख ५० हजार** विनियोजन गरिएको छ। यसरी **सामाजिक विकास**मा जम्मा रुपैयाँ **१८ करोड ६ लाख २२ हजार** विनियोजन गरिएको छ।

## २. आर्थिक विकास

चालुमा रुपैयाँ ६२ लाख ६५ हजार र पूँजीगतमा रुपैयाँ २ लाख गरी निशर्तमा रुपैयाँ ६२ लाख ६५ हजार, संघ शसर्तबाट चालुमा रुपैयाँ १ करोड १३ लाख र प्रदेश शसर्तको पूँजीगतमा रुपैयाँ ३० लाख गरी **कृषि**मा जम्मा रुपैयाँ **२ करोड ७ लाख ६५ हजार** विनियोन गरिएको छ।

निशर्तबाट चालुमा रुपैयाँ ६ लाख ५० हजार र पूँजीगतमा रुपैयाँ ११ लाख ५० हजार गरी **पर्यटन**मा जम्मा रुपैयाँ **१८ लाख** विनियोजन गरिएको छ।

निशर्तबाट चालुमा रुपैयाँ ४९ लाख ६२ हजार २ सय ४० र पूँजीगतमा १ लाख ३९ हजार गरी **पशुपन्छी विकास**मा रुपैयाँ **५० लाख ९२ हजार २ सय** ४० विनियोजन गरिएको छ।

निशर्तबाट चालुमा रुपैयाँ ४ लाख ५० हजार र संघ शसर्तबाट चालुमा ३४ लाख गरी **उद्योग**मा जम्मा रुपैयाँ **३८ लाख ५० हजार** विनियोजन गरिएको छ। यसरी **आर्थिक विकास**मा जम्मा रुपैयाँ **३ करोड १५ लाख ७ हजार २ सय** ४० विनियोजन गरिएको छ।

## ३. पूर्वाधार विकास

चालुमा रुपैयाँ १२ लाख र पूँजीगतमा रुपैयाँ ५ करोड २६ लाख ९७ हजार ३ सय ५७ गरी निशर्तबाट जम्मा रुपैयाँ ५ करोड ३८ लाख ९७ हजार ३ सय ५७, संघ शसर्तको पूँजीगतमा रुपैयाँ १० लाख **भवन, आवास तथा सहरी विकास**मा जम्मा रुपैयाँ **५ करोड ४८ लाख ९७ हजार ३ सय ५७** विनियोजन गरिएको छ।

निसर्तबाट चालुमा रुपैयाँ १८ लाख गरी **सञ्चार तथा सूचना प्रविधि**मा जम्मा रुपैयाँ **१८ लाख** विनियोजन गरिएको छ।

निशर्तबाट चालुमा रुपैयाँ १० लाख गरी **पुनर्निर्माण**मा जम्मा रुपैयाँ **१० लाख** विनियोजन गरिएको छ।

निशर्तबाट पूँजीगतमा रुपैयाँ ३ करोड २२ लाख ८६ हजार ६ सय ५२, संघ शसर्तबाट पूँजीगतमा रुपैयाँ २२ लाख र प्रदेश शसर्तबाट पूँजीगतमा रुपैयाँ ४० लाख गरी **यातायात पूर्वाधार**मा जम्मा रुपैयाँ **३ करोड ८४ लाख ८६ हजार ६ सय ५२** विनियोजन गरिएको छ।

निशर्तबाट पूँजीगतमा रुपैयाँ ५६ लाख र संघ शसर्तबाट पूँजीगतमा रुपैयाँ ८ लाख गरी उर्जामा रुपैयाँ ६४ लाख विनियोजन गरिएको छ।

निशर्तबाट पूँजीगतमा जम्मा रुपैयाँ ३६ लाख गरी सम्पदा पूर्वाधारमा जम्मा रुपैयाँ ३६ लाख विनियोजन गरिएको छ। यसरी पूर्वाधार विकासमा जम्मा रुपैयाँ १० करोड ६१ लाख ८४ हजार ९ विनियोजन गरिएको छ।

**४. सुशासन तथा अन्तरसम्बन्धित क्षेत्र**

संघ शसर्तबाट चालुमा १६ लाख गरी तथ्याङ्क प्रणालीमा जम्मा रुपैयाँ १६ लाख विनियोजन गरिएको छ । संघ शसर्तबाट चालुमा रुपैयाँ १ लाख गरी गरिवी निवारणमा जम्मा रुपैयाँ १ लाख विनियोजन गरिएको छ। यसरी सुशासन तथा अन्तरसम्बन्धित क्षेत्रमा जम्मा रु १७ लाख विनियोजन गरिएको छ।

**५. कार्यालय सञ्चालन तथा प्रशासनिक**

चालुमा रुपैयाँ ७ करोड २ लाख ५ हजार ४ सय २९ पैसा ३४ र पूँजीगतमा रुपैयाँ ४२ लाख ३५ गरी निशसर्तबाट जम्मा रुपैयाँ ७ करोड ४४ लाख ५ हजार ४ सय ६४ पैसा ३४ र प्रदेश शसर्तबाट चालुमा रुपैयाँ १७ लाख ११ हजार गरी कार्यालय सञ्चालन तथा प्रशासनिकमा जम्मा रुपैयाँ ७ करोड ६१ लाख १६ हजार ४ सय ६४ पैसा ३४ विनियोजन गरिएको छ।

**अनुमानित खर्च**

सभाध्यक्ष महोदय,

आगामी आर्थिक वर्षको अनुमानित खर्च **रुपैयाँ ३९ करोड ५२ लाख ७४ हजार ७ सय १३** पैसा ३४ रुपैयाँ रहने अनुमानित प्रक्षेपण गरिएको छ।

**खर्च वेहोर्ने श्रोतहरु**

सभाध्यक्ष महोदय,

आगामी आ.व. २०७८/०७९ को व्यय व्यहोर्ने श्रोतको रुपमा सङ्घीय सरकारबाट **शसर्त अनुदानको रुपमा प्राप्त हुने रु १२ करोड ७१ लाख**, वित्तीय समानीकरण अनुदानको रुपमा प्राप्त हुने **रु. ८ करोड ३४ लाख, संघ राजश्व बाँडफाँड अनुदानबाट प्राप्त हुने रु. ६ करोड १२ लाख २० हजार, प्रदेश शसर्त अनुदानबाट प्राप्त हुने रु. १ करोड ७० लाख ५ हजार, प्रदेश समानीकरण अनुदानको रुपमा प्राप्त हुने रु. ६६ लाख ७९ हजार, प्रदेश राजश्व बाँडफाँड अनुदानबाट प्राप्त हुने रु. १ करोड ७३ लाख ४ हजार ४ सय ४९ पैसा १२, आन्तरिक आय रु. ७२ लाख,** गत वर्षको **अल्या मौज्दात रुपैयाँ ७ करोड ६४ लाख ६४ हजार २ सय ६४ पैसा २२** गरी **आगामी आर्थिक वर्ष २०७८/०७९**

**को कुल बजेट रकम रुपैयाँ ३९ करोड ५२ लाख ७४ हजार ७ सय १३ पैसा ३४** श्रोत कायम हुने अनुमान गरिएको छ ।

**राजश्व परिचालन नीति**

सभाध्यक्ष महोदय,

आगामी आ.व. २०७८/०७९ को राजश्व परिचालनका नीतिहरु देहाय बमोजिम हुनेछन्:

- राजश्व करले होइन रहरले तिर्ने वातावरण सिर्जना गर्ने
- कर तिर्नु पर्छ भन्ने वातावरण बनाउन स्थानीय स्तरमा कर सम्बन्धी जनचेतनाका कार्यक्रमहरु सञ्चालन गर्ने
- करको दर वृद्धि गर्ने भन्दा पनि दायरा विस्तार गर्नुमा जोड दिने
- करको आधार र क्षेत्रहरु विस्तार गर्ने
- आर्थिक साक्षरता र वित्तीय साक्षरता सम्बन्धी जनचेतनामूलक कार्यक्रमहरु सञ्चालन गर्ने
- गाउँपालिकाको राजश्व विषयमा परामर्श प्राप्त गर्नको लागि विज्ञको सेवा लिने
- राजश्व प्रशासनलाई आधुनिक प्रविधिमैत्री, करदातामैत्री, मितव्ययी र पारदर्शी बनाउने
- करदाता शिक्षा कार्यक्रमलाई प्रर्वद्धन गर्ने
- कर निर्धारण गर्दा समन्यायको सिद्धान्तलाई आत्मसाथ गर्ने
- कर प्रशासनलाई चुस्त, दुरुस्त र प्रभावकारी बनाउने कार्यक्रम तथा क्रियाकलापहरु सञ्चालन गर्ने
- प्रत्येक वडाबाट संकलन हुने विभिन्न कर, सेवा शूल्क तथा दस्तुरको शीर्षकगत रुपमा छुट्टाछुट्टै विवरण प्राप्त गर्ने व्यवस्था गर्ने
- कर प्रशासनमा संलग्न कर्मचारीहरुका लागि कर प्रशासनमा सुधार सम्बन्धी क्षमता विस्तारका तालिम कार्यक्रम सञ्चालन गर्ने
- कर छली, कर चुहावट तथा करको हिनामिनाको सम्बन्धमा शुन्य सहनशिलताको नीति अवलम्बन गर्ने ।

सभाध्यक्ष महोदय,

गत आर्थिक वर्ष २०७६/०७७ को यथार्थ आय व्यय, चालु आर्थिक वर्ष २०७७/०७८को आय व्ययको संशोधित अनुमान र आगामी आर्थिक वर्ष २०७८/०७९ को अनुमानित आय व्यय यसै साथ संलग्न अनुसूचीहरुमा उल्लेख गरेको छु ।
यो बजेट तर्जुमाको क्रममा रचनात्मक सुझाव दिने यस गाउँपालिकाका सम्मानित अध्यक्षज्यू, ६ ओटै वडाका सम्मानित वडा अध्यक्षज्यूहरु, कार्यपालिका र सभाका सम्मानित सदस्यज्यूहरु, यस गाउँपालिकाका कार्यपालिकाका कर्मचारी साथीहरु, राजनीतिक दलका शीर्षनेताज्यूहरु, नागरिक समाज, अर्थ तथा योजनाविद्, निजि क्षेत्र तथा सहकारी क्षेत्रका विद्वत वर्ग तथा महानुभावहरुको रचनात्मक सुझाव, सल्लाह र प्रेरणाको लागि धन्यवाद ज्ञापन गर्दछु । अन्तमा, गोसाईकुण्ड गाउँपालिकाको आर्थिक, सामाजिक विकासमा सहयोग पुर्याउने स्थानीय करदाता, संघ र प्रदेश सरकार, राष्ट्रिय अन्तर्राष्ट्रिय विकास साझेदारी प्रति आभार प्रकट गर्न चाहान्छु । र, यो बजेट कार्यान्वयनमा सवै पक्षको पूर्ण सहयोगको अपेक्षा गर्दछु । कोभिड महामारीको रोकथान, नियन्त्रण र उपचारको लागि गोसाईकुण्ड गाउँपालिकाबासीले खेलेको संयम र व्यवस्थित व्यवहार यस गाउँपालिकामा देखिएको कोभिडको समस्या अत्यन्त न्यूनतम रहेकोले पुष्टी गर्दछ । यसै गरी अव आउने दिनमा यहाँहरुको यस्तै संयमित व्यवहारको अपेक्षा गर्दै चीनको वुहानबासीले भने जस्तै कोरोनाबाट हामी स्वतन्त्र भए पछि अझै असल मानिस भएको देख्ने अपेक्षा गर्दछु । दिगो शान्ति, सुशासन, विकास र समृद्धिको आकांक्षा पुरा गर्न सवल, सक्षम, समृद्ध र न्यायपूर्ण राष्ट्र निर्माण गर्ने अभियानमा सक्रिय सहभागि हुनको लागि सम्पूर्ण गोसाईकुण्ड गाउँपालिकावासीलाई हार्दिक आह्वान गर्दछु ।

धन्यवाद !

अनुसूची १

| आगामी आ.व. २०७८/०७९ को अनुमानित आय तर्फ रु(हजारमा) | | | | |
|---|---|---|---|---|
| राजश्व संकेत | राजश्व आधार, शीर्षक, मूल शीर्षक, शीर्षक तथा उपशीर्षक | गत वर्षको यथार्थ आय | चालु आ.व.को संशोधित अनुमानित आय | आगामी आ.व.को अनुमानित आय |
| ११३१३ | सम्पत्ती कर | | ५० | १११ |
| ११३१४ | भुमीकर/ मालपोत | | १०० | १४५० |
| ११३२५ | घर जग्गा रजिष्ट्रेशन | | ७०० | |
| ११३२१ | घर बहाल कर | | ६०० | १४२६ |
| १३४११ | अन्य संस्थागत आन्तरिक अनुदान | | १५०० | १८०० |
| १४१५१ | सरकारी सम्पत्तीको बहालबाट प्राप्त आय | | १५०० | १५०० |
| १४१५६ | बाँडफाँडबाट प्राप्त भई दहत्तर वहत्तर बाट प्राप्त | | १०० | ० |
| १४१५९ | अन्य श्रोतबाट प्राप्त रोयल्टी | | १०० | १० |
| १४२१३ | अन्त बिक्रीबाट प्राप्त रकम | | ५० | ३५ |
| १४२२९ | अन्य प्रशासनिक सेवा शूल्क | | १५०० | ३५ |
| १४२४२ | नक्सापास दस्तुर | | ३५० | ८० |
| १४२४३ | शिफारिस दस्तुर | | १५० | १५० |
| १४२४४ | व्यक्तिगत घट्ना दर्ता दस्तुर | | १० | १ |
| १४२४५ | नाता प्रमाणित दस्तुर | | १० | ७ |
| १४२४९ | अन्य दस्तुर | | १७० | ३५ |

| | | | | |
|---|---|---|---|---|
| १४२५३ | व्यवसाय रजिष्ट्रेशन | | २० | १५० |
| २४२२४ | परीक्षा शूल्क | | २० | १० |
| १४५२९ | अन्य राजश्व | | ५०० | ३०० |
| १४६११ | व्यवसाय कर | | ३८० | १०० |
| | नगद | | २९९ | ७६४६४ |
| कुल जम्मा | | | | ८३६६४ |

| राजश्व संकेत | राजश्व आधार, शीर्षक, मूल शीर्षक, शीर्षक तथा उपशीर्षक | गत वर्षको यथार्थ आय | चालु आ.व.को संशोधित अनुमानित आय | आगामी आ.व.को अनुमानित आय |
|---|---|---|---|---|
| | संघ शसर्त | ९२११७९ | १२५३९२ | १२७१०० |
| | संघ समानीकरण | | ७९९०० | ८३४०० |
| | संघ राजश्व | | ५९७०२ | ६०१२२ |
| | प्रदेश शसर्त | | १४६९२ | १७००५ |
| | प्रदेश समानीकरण | | ९९६२ | ६६७९ |
| | प्रदेश राजश्व | | १२६८४ | १७३०४ |
| | प्रदेश समपूरक अनुदान | | ५००० | ० |
| | प्रदेश विशेष अनुदा | | ५००० | ० |
| | आन्तरिक श्रोत | | ६४६० | ७२०० |
| | अल्या | | ८८७२६ | ८३६६४ |
| | जम्मा | | ४०७५१८ | ३९५२७४ |

**अनुसूची -२**

**आ.व. २०७८/०७९ को अनुमानित व्यय तर्फ (हजारमा)**

| क्र.सं. | खर्च शीर्षक | निसर्त अनुमानित व्यय | शसर्त अनुमानित व्यय | जम्मा |
|---|---|---|---|---|
| १ | चालु तर्फ | ११०३०५ | ११५५०५ | २२५८१० |
| २ | पुँजीगत तर्फ | १४०८६४ | २८६०० | १६९४६४ |
| | जम्मा | २५११६९ | १४४१०५ | ३९५२७४ |